-पदम श्रीस
बागलुङ-१ रामरेखा

## मगर जातिको मौलिक पर्व माघे संक्रान्ति

कुनै पनि चाड-पर्वले सम्बन्धित जातजातिको मौलिक तथा ऐतिहासिक महत्वबोकेको हुन्छ । नेपालमा मनाइने विविध चाड-पर्वले यहाँका विभिन्न जाति, समुदायहरुको धर्म, संस्कृति तथा जातिय संस्कार र परम्पराहरुको प्रतिनिधित्व गर्दछ । माघे संक्रान्ति पर्व मगर जातिको आदिम मनोभावना सँग गाँसिएर आएको छ । आदिमकालमा मगर जातिका पूर्वजहरुसँग समय सूचक छुट्याउने कुनै वैज्ञानिक साधन-स्रोत नभएको अवस्थामा पनि सूर्य-चन्द्रमा, तारा मण्डलको स्थिति प्राकृतिक अवस्थाअनुसार बदली हुँदै जाने वातावरणिय प्रभावबाट मगर जातिमा उधौली-उभौंली चाड-पर्वको विकास भएको पाइन्छ । यो माघे संक्रान्ति पर्व मगर जातिको उँभौली पर्व हो; मगर जातिको आदिम भूमि मगरातमा आर्य (हिन्दू) हरुको प्रवेश पश्चात आर्यहरुले आफू सँगै ल्याएको विक्रम सम्वतको दशौं महिनाको पहिलो दिनलाई 'माघे संक्रान्ति' भनिन्छ । यो माघे संक्रान्तिको दिन देखि सूर्य उत्तरायणतर्फ लाग्ने र दिन लामो हुँदै जाने गर्दछ । आजैको दिन देखि मगर जातिहरुले खेती-पातीको सुरुवात गर्ने र पशु पालनको लागि गाउँ-वेंसीबाट लेकतिर बसाइसर्ने क्रमपनि शुरु हुन्छ ।

विक्रम सम्वतको प्रावधानअनुसार एक वर्षमा बाह्र महिना, छ ऋतु हुन्छ; हेमन्त ऋतु समाप्त भई शिशिर ऋतुले प्रवेश गर्ने र पृथ्वी सूर्यको नजिक हुँदै जानुले गर्मी बढ्दै जाने हुन्छ । पृथ्वीको भू-वनोटअनुसार हाम्रो भूमि वर्षादको ऋतुतिर प्रवेश गर्ने भएकोले अव उप्रान्त वर्षायाम प्रारम्भ भयो भनेर हाम्रा मगर जातिले बुझ्दै आएको पाइन्छ । हाम्रा पूर्वजहरुको भनाइ (जनश्रुति)अनुसार गर्मी मौसममा पृथ्वीको गर्भबाट विभिन्न विषालु किडा-मकौडा जस्तैःसर्प, विच्छी, अजिंगर, उडुस, लामखुट्टे, भुसुना-मोस, जुका, वन (जङ्गल)मा नरभक्षी पशु-बाघ, भालु, गैंडा, हात्ती, दैवी-प्रकोप, आँधी-वतास, हावा-हुरी, बाढी-पहिरो, अनिकाल, भुँइचालो एवं अदृष्य शक्ति, भुत-प्रेत, डंकिनी, पिशाच विभिन्न रोगहरु झाडा-वान्ता,रुघा-खाँसी, ज्वरो जस्ता घातक रोगहरु फैलिने हुनाले रोग-ब्याधीको सर्वसुलभ उपचारको अभावमा प्रायः वर्षादको समयमा नै धेरै मानिसहरुको मृत्यु हुने गर्दथ्यो ।

“अव वर्षायाम शुरु भयो, मरिने हो कि बाँचिने हो ?” भनेर हाम्रा पुर्खाहरुले आफ्ना नाल-नाता, इष्ट-मित्र, चेलीवेटी सबै भेला भई सूर्य उत्तरतर्फ फर्कने माघको पहिलो दिनमा मिठामिठा मिष्ठान्न खाने-पिउने वितेका दिनहरुको सम्झना (स्मरण) गर्ने र आगामि दिनको सुखद परिकल्पना गर्दै सुख-दुखः साटासाट, भेट-घाटको दिन बनाउँदै आइरहेको यो माघे संक्रान्ति पर्व मगर जातिको मौलिक तथा भावानात्मक पर्व भएको पाइन्छ ।

यस दिन आ-आफ्ना चेली-वेटी, इष्ट-मित्र, दिदी-वहिनी-दाजु-भाई संपूर्ण आफन्तहरु जम्मा भई मनोइच्छित भोजन माछा-मासु, रोटी-रक्सी, दुध-दही, ध्यू-खिचडी वनमा पाइने गिठा-भ्याकुर-तरुल, कण्ड-मूल, फल-फूल पुर्खाहरुले खाइ चलाई आएका चीज-वस्तुहरु खाने-खुवाउने चलन आज पनि यथावत प्रचलनमा छ । समय-काल परिवर्तन सँगै मगर जातिहरु पनि बसाई सराईहुँदै जाँदा फरक

फरक भूभोलका मगरहरु एकै ठाउँमा रहन-बस्न पुगेकाले माघे संक्रान्ति मनाउने विधि तथा प्रकृयामा केही परिवर्तन अवश्यै भएको होला र पनि आदिमकाल देखि मगर जातिको सांस्कृतिक तथा भावानत्मक यो माघे संक्रान्ति पर्वलाई कुनै न कुनै रुपमा हर्षोल्लासका साथ मनाउँदै आएको पाइन्छ ।

यो माघे संक्रान्ति पर्वमा मगर जातिले आफ्ना कुल-पितृहरुको स्मरण गर्ने दिन पनि हो । यो पर्वमा चेली-वेटी, इष्ट-मित्र बोलाई मिष्ठान्न भोजन गराउने प्रचलन छ । चेली-वेटी माइतीमा आउँदा माइतीको सम्मानमा रोटी-रक्सी, तरुल-पिंडालु आदि खाद्यन्न कोशेलीपात ल्याएर आउने प्रचलन छ । आजैका दिन मगर समुदायका युवा-प्रौढहरु गाउँको खुला ठाउँमा जम्मा भई पूर्वजहरुको मुख्य हतियार धनुष-काँडद्वारा तारो हान्ने खेल खेल्दछन् । तारो हान्ने खेलमा प्रथम हुने ब्यक्तिलाई बाजा-गाजा सहित बोकेर गाउँ डुलाउने गरिन्छ । वर्तमान परिवेशमा अन्य खेलहरु जस्तैः भलिवल, बास्केटवल, फुटवल, कबड्डी जस्ता खेलहरुलाई पनि समावेश गरेर थप मनोरञ्जनात्मक बनाएको पाइन्छ ।

यो पर्वको पूर्व सन्ध्या पौष मसान्तको दिन मगरहरु वन (जङ्गल)मा गई तरुल-गिठा-भ्याकुर खोजी-खनि ल्याउने र वन्य जीव-जन्तुको आखेत (शिकार) गरी ल्याउने चलन छ । पौष मसान्तको वेलुकी घरमा गृहिणी (परिवारका सदस्य)हरुले मगर जातिको प्रिय खाद्यवस्तु सेलरोटी-वटुक (च्याप्टो रोटी), तरुल-गिठा उसुनेर विभिन्न अचारहरु, मिठो-मिष्ठान्न, जाँड-रक्सी इत्यादी भोली पल्टको माघ १ (एक) गतेलाई तयार पारि राख्दछन् । माघे संक्रान्तिको विहानै घरको दैला-कोठा-चोटा लिप-पोत गरि सकेपछि घरका मूल पुरुषले नुहाई-धुवाइँ, चोखो-निष्ठ भई सर्व प्रथम आफ्ना पुर्खा-पितृ-कुल, गोठका देवी देवता, बाहिरका देवी देवता, भूतप्रेतलाई धूप-दीप गरि अघिल्लो दिन पकाइवरी तयार गरि राखेको संपूर्ण खाद्यवस्तु, (चामल, मासको दाल, अडुवा, ध्यू एउटै भाडामा राखि पकाइने खिजडी) अन्य पेय पदार्थ चढाउने र पूजा-आजा गरिसके पछि निम्त्याइएका छोरी-वेटी, पर-पाहुनालाई भोजन गराउने चलन छ ।

आजको दिन दिनभरि जसो नै हामी मगर जातिहरु खानपिन रमाईलो गर्दछौं; युवा-युवतीहरु विभिन्न खेलकुद, लोक संस्कृतिमा रमाउने गर्दछन् भने पाका-प्रौढ उमेरका मगरहरु आ-आफ्ना वितिसकेका दिनहरुको स्मरणगर्ने, अब आउने दिनहरुको सुख-दुःखको परिकल्पना गर्दै “मरेर गए दुःखै लुक्यो बाँचे आगामी साउने संक्रान्तिमा भेटौला” भन्दै एक-आपसमा ढोगभेटगरी विदावारी हुने प्रचलन आज पनि मगर समाजमा जीवन्त छ ।

१.राप्ती क्षेत्रमा पुष १५ गते ‘तिर’ फूकाउने काम (नम्सुई) गरेर र गण्डकी क्षेत्रमा पुष १५ मनाएर माघे चाड प्रारम्भ गर्दछन् ।

२.रुकुम र रोल्पाका मगर बस्तीमा माघ १ गते दाजु-भाईले विहानै नुहाइ-धुवाइँ गरेर केही् नखाई विवाहिता दिदी-वहिनीको घरमा चामल, तरुल, पैसा आदि (मिसरा) पुऱ्याउने चलनछ । यसै दिन धनुष-वाणद्वारा तारो (खेल) हान्ने कार्यक्रम राखिन्छ ।

३. माघ २ गते चेली-वेटीले माइतिलाई रक्सीको पाहुर (लिसक) ल्याइदिने चलन छ । यसै दिन कन्या केटीहरुले वनभोज (जान्या) खाने गर्दछन् ।

४.माघ ३ गते तारो ढाल्ने कार्यक्रम गर्दछन्, तारो ढाल्ने ब्यक्तिलाई प्रशंसागर्दै (स्याम्वोभाका) गीत गाउँदै बाजा-गाजा सहित बोकेर गाउँ डुलाउने गरिन्छ ।

५.रुकुमको कुनै कुनै क्षत्रमा माघे पर्वमा खिचडी खाने खुवाउने र सिस्नो खेल्ने चलन छ ।

६.राप्ती क्षेत्रमा माघ १ गते निमन्त्रणा (पाहुना वोलाउन) गर्न छुटेका चेलीलाई माघ मसान्त भित्र बोलाई पूज्ने गरिन्छ ।

७.बागलुङ (गलकोट)को अर्गल र हिलमा माघ १ गते जेठी संक्रान्ति र माघ २ गतेलाई कान्छी संक्रान्ति भनेर २ (दुई) दिन मनाइन्छ र ताराखोलामा ५ (पाँच) दिन सम्म मनाउने गरिन्छ । जेठी संक्रान्ति अर्थात माघ १ गते विहान उठेर नुहाइ-धुवाइँ तथा घरको सरसफाई, लिपपोत गरे पछि पितृ पूजा गरी पितृको नाममा माघे वृक्ष (रुख)को पातमा सुकुटी, ध्यूमा फूराएको चामल राखेर अगेना (चुल्हा) नजिक र घरको छानामा घुसार्ने (छानामा राख्ने) गरिन्छ ।

८.माघे संक्रान्तिको दिन हिल र अर्गलमा खिचडी (खिर्चो) खाने चलन नभए पनि ताराखोलाका मगरहरुले खिचडी खाने गर्दछन् । त्यसै दिन चेलीवेटीलाई खुवाएर चामल, पैसा, मासुको सुकुटी दिएर पठाउने चलन छ ।

९.कान्छी संक्रान्ति अर्थात माघ २ गते पनि चेली-वेटीलाई खुवाउने चलन छ । पहिलो दिन माघ १ गते माइतीमा आउन नभ्याएका चेली दोस्रो दिन माघ २ गते माइतीमा आउने गर्दछन् । यस क्षत्रमा माघे चाड-पर्वमा पिंडालु अनिवार्य खाने गर्दछन् ।

१०.बागलुङको निसी र भलकोटमा माघ ३ गते पञ्चैबाजाको तालमा ‘पुतली’ नाच नाच्ने गरिन्छ । निसीको कपारु गाउँमा डम्फू र मादलको तालमा ‘काइपा’ नाच नाच्ने गरिन्छ ।

११. गण्डकी क्षेत्रमा मगरहरुले माघे संक्रान्ति पर्वलाई पितृहरुको स्मरण (सम्झना) गर्ने र चेली पूज्ने अर्थात चेली तिहार भएकाले घरका कुलपितृ पूज गर्ने तथा विवाहिता चेलीलाई माइतीमा बोलाएर मिठो मसिनो खुवाउने गरिन्छ ।

१२.गोर्खाको मनकामना, ताक्लुङ, घैरुङ आदि ठाउँ र तनहुँमा कौडा नाचको थालनी गरिन्छ ।

१३.केशरजङ बराल मगरकाअनुसार माघे संक्रान्ति पर्वलाई मगर जातिमा पितृ चाडको रुपमा मनाउने गर्दछन् । बाबु, आमा मरिसकेका छोराहरुले पुष मसान्तको दिन उपवास बसि माघ १ गते पानी पँधेरा, खोला (नदी) को किनारामा गई एक मुठी चामल, एक मुठी मासको दाल, अडुवा पितृलाई चढाउने गर्दछन्; यसरी चढाउनुलाई पितृलाई मुठी दिने भन्दछन्, श्राद्ध गर्ने मगरहरुले मुठी दिने गर्दैनन् । पानी राख्ने (डीडाके) संस्कार गर्ने मगरहरुले मात्र मुठी दिने गर्दछन् । पूर्वी पाल्पा, तनहुँको रिसिङ, घिरिङमा माघे संक्रान्तिको दिन देखि नै कौन्हा नाच शुरु गर्दछन् । यो दिनमा खिचडी, फलफूल, तरुल, गिठा, भ्याकुर खानाले शुभ हुन्छ भन्ने मगरहरुमा विश्वास छ ।

*सन्दर्भ स्रोतहरु*

१.हाम्रा चाड पर्वहरु ‘माघे संक्रान्ति’ लेखक तथा प्रकाशकः रेखबहादुर सारुमगर ।

२.हाम्रो सांस्कृतिक इतिहास २०२८ ‘पेज ४७’ लेखकः कालीभक्त पन्त ।

३.मगर जाति ‘ऐतिहासिक, सांस्कृतिक र राजनीतिक सन्दर्भ २०७१’ सम्पादकः यामबहादुर पुन, झकेन्द्र घर्तीमगरः मगर जातिका संस्कार र चाडवाड ‘माघे संक्रान्ति पेज.१३५,१३६,१३७, लेखक मीन श्रीसमगर

४.पाल्पा, तनहुँ, स्याङ्जाका मगरहरुको संस्कृति २०५० अध्याय-२-२.८.८ माघे संक्रान्ति पेज.१२२ शोधकर्ताः केशरजङ वरालमगर ।

५.मगर जातिका संस्कार र चाडवाडः लेखक श्री मीन श्रीसमगर ।